Academic Journal of Sukuna – AJoS, A Peer-reviewed Interdisciplinary Journal
Volume 5 (Issue 1) 2025 July (2082 Ashad), Pp. 180 – 205, ISSN 2594-3138 (Print)
Research Management Cell (RMC – Sukuna), Sundarharaincha, Morang

# पर्याप्रेमको गुञ्जनमा पर्यावरणीय चेतना

Doi: https://doi.org/10.3126/ajos.v5i1.81993

एकनारायण पौड्याल, विद्यावारिधि[१]

[१]सहप्राध्यापक, वीरेन्द्र बहुमुखी क्याम्पस, चितवन

Email: enpaudyal@gmail.com

## लेखसार

*यस अनुसन्धानात्मक लेखमा कृष्ण बाउसेको कवितासङ्ग्रह पर्याप्रेमको गुञ्जनमा सङ्गृहीत कविताहरूको पर्यावरणीय चेतनाका दृष्टिले अध्ययन गरिएको छ । पर्यावरणीय चेतना साहित्यमा पर्यावरणको चित्रण के कसरी गरिएको छ भन्ने कुराको खोजसँग सम्बन्धित अवधारणा हो । यो सिद्धान्त प्रकृतिको संरक्षणसँग जोडिएको छ । यस अध्ययनमा पर्याप्रेमको गुञ्जनलाई विश्लेष्य कृतिका रूपमा लिइएको छ र यो प्राथमिक सामग्रीका रूपमा रहेको छ । पर्यावरणीय चेतनाका सम्बन्धमा लेखिएका लेख तथा पुस्तकहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । कविताको अध्ययनबाट प्राप्त तथ्यका आधारमा पर्यावरणीय चेतनाका प्रकार निर्धारण गरिएकाले यहाँ आगमनात्मक विधि प्रयोग भएको छ । जुन कवितामा जुन प्रकारको पर्यावरणीय चेत देखाइएको छ त्यसको पुष्टिका लागि कविताबाट साक्ष्य प्रस्तुत गरिएको छ । प्रस्तुत सङ्ग्रहका कवितामा पर्यावरणीय चेत केकस्तो देखिन्छ भन्ने मुख्य समस्याको समाधानमा केन्द्रित यस अध्ययनमा दूषित पर्यावरणको सर्वत्र असर परेकामा चिन्ता, प्रकृति र मानवका बिच सहअस्तित्वको अपेक्षा, प्रकृति विनाशकप्रति व्यङ्ग्य, पर्याप्रेम र पर्यावरण संरक्षणप्रतिको प्रतिबद्धता एवं मानवेतर प्राणीसँगको सहअस्तित्वबोधको चेत पाइने र यिनका आधारमा हेर्दा कृति पर्यावरणमा नै केन्द्रित रहेको अनि पर्यावरणीय चेतनाका दृष्टिले*

*प्रभावकारी तथा उल्लेखनीय भएको निष्कर्ष निकालिएको छ । यसका साथै सङ्ग्रहका कविताहरूले समस्याको मुख्य कारक मानिस भएको र यसको समाधान पनि मानिसले नै गर्न सक्ने भएकाले मानिस सकारात्मक भएर पर्यावरण संरक्षणमा लाग्नुपर्ने सन्देश दिएको कुरालाई पनि निष्कर्षका रूपमा देखाइएको छ ।*

*शब्दकुञ्जी* : गुञ्जन, चेत, पर्यावरण, पर्यावरणवाद, वातावरणीय ।

## विषयपरिचय

कृष्ण बाउसे (२०१३) बहुमुखी व्यक्तित्व भएका स्रष्टा हुन् । उनका *प्रेरणाका गीतहरू* ( २०३९, गीतसङ्ग्रह), *यस्तो उद्घोष गर्छु* (२०५७, कवितासङ्ग्रह), *देशको खबर* (२०६२, मुक्तकसङ्ग्रह), *नानीको रहर* (२०६७, बालकवितासङ्ग्रह) आदि दर्जनाधिक कृति प्रकाशित छन् । यी कृतिहरूले बाउसेलाई मूलतः कविका रूपमा चिनाएका छन् । उनी नेपाली साहित्यमा कविका साथै बालसाहित्यकारका रूपमा परिचित छन् । समसामयिक परिवेश समेटेर सरल भाषामा कविता रचना गर्ने बाउसे युगबोधी चेत भएका स्रष्टा हुन् । त्यसैको एउटा प्रमाणका रूपमा *पर्याप्रेमको गुञ्जन* (२०८०, कवितासङ्ग्रह) रहेको छ । यसमा जम्मा बाउन्नवटा कविता रहेका छन् र ती सबै कविताहरू वर्तमान समयमा एक जटिल समस्याका रूपमा रहेको विषय पर्यावरणसँग जोडिएका छन् ।

पर्यावरण दिनानुदिन बिग्रँदै गइरहेका कारण वर्तमान समयमा पर्यावरण जोगाउनु विश्वलाई नै एउटा चुनौतीको विषय भएको छ । यस कार्यमा पर्यावरणविद् र विभिन्न सङ्घसंस्था लागिपरेका छन् । यसका साथै साहित्यकारहरूले पनि विभिन्न विधाका रचनामा पर्यावरणलाई विषय बनाई लेखेका छन् । यसक्रममा उनीहरूले वातावरण दूषित बन्नाका कारणहरू र प्राणी तथा विश्वजगत्का यावत् वस्तुमा त्यसको असर परेको कुरा चित्रण गर्नाका साथै समाधानका उपायसमेत सुझाएका छन् । बाउसेको *पर्याप्रेमको गुञ्जन* पनि तिनै कृतिहरूमध्ये एक उल्लेखनीय कविताकृति हो । कृतिभित्रका सबै कविता पर्यावरणकेन्द्री

भएकाले सङ्गृहीत सबै कविता पर्यावरणीय समालोचनाका आधारमा विश्लेषणीय देखिन्छन् र यसो गर्दा कृतिको कथ्यप्रति न्याय हुने देखिन्छ । यसअघि पेशल पोखरेल (२०८१) ले 'पर्यासाहित्यमा चासो राख्नेहरूका लागि लोभलाग्दो मार्गदर्शन पर्याप्रेमको गुञ्जन' शीर्षकको लेखमा यस कृतिलाई पर्यावरणसँग जोडेर हेरेका छन् तापनि यो छोटो लेख पुस्तकपरिचयका रूपमा रहेको छ । यसरी नै *साहित्य पोस्ट, १२ खरी* आदि विद्युतीय पत्रिकामा पनि परिचयात्मक लेख प्रकाशनमा आएका पाइन्छन् तर अनुसन्धान गरी विस्तृत रूपमा विश्लेषण गरी लेखिएका लेख-समालोचना पाइँदैनन् । यसरी पर्यावरणीय साहित्यका दृष्टिले प्रस्तुत कृति महत्त्वपूर्ण भइकन पनि यसअघि गहन अध्ययन नभएकाले यो कृति चयन गरिएको हो र विश्लेषणका लागि पर्यावरणीय समालोचनालाई आधार बनाइएको हो । यस कृतिमा पर्यावरणीय समस्यालाई के कस्तो रूपमा देखाइएको छ भन्ने मुख्य समस्या र यसको प्राज्ञिक समाधानमा केन्द्रित यस अध्ययनबाट पर्यावरणीय साहित्य र त्यसको विश्लेषण गर्ने ढाँचाका बारेमा जोकोही इच्छुक व्यक्तिलाई केही न केही आधार प्राप्त हुनेछ भन्ने विश्वास लिइएको छ ।

## विधि र सामग्री

यस अनुसन्धानमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्री प्रयोग गरिएको छ । गृहीत सामग्रीहरूमध्ये विश्लेषित कवितासङ्ग्रह *पर्याप्रेमको गुञ्जन*लाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ भने पर्यावरण र पर्यावरणीय समालोचनासँग सम्बन्धित सामग्रीलाई द्वितीयक स्रोतका रूपमा ग्रहण गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक र आगमनात्मक विधि अवलम्बन गरिएको छ । विश्लेषणका क्रममा पाठबाट साक्ष्यका रूपमा कवितांश उद्धरण गरी सोदाहरण प्रस्तुत गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

पर्यावरणलाई आधार बनाएर सिर्जना गरिने साहित्यलाई पर्यावरणीय साहित्य भनिन्छ भने पर्यावरणका कोणबाट रचनाको अध्ययन गर्ने समालोचना पद्धतिलाई पर्यावरणीय

समालोचना भनिन्छ । पर्यावरणीय समालोचना भन्नाले साहित्य र भौतिक वातावरणका बिचको सम्बन्धको अध्ययन भन्ने बुझिन्छ (बेरी, सन् २००२, पृ.२४८) । अझ स्पष्ट रूपमा भन्दा "प्रकृतिलाई नै एउटा पुस्तकका रूपमा लिई प्रकृतिमा रहेका मानवेतर प्राणी तथा निर्जीव पदार्थबिचको सम्बन्धको अध्ययन गर्ने समालोचनालाई पर्यावरणीय समालोचना भनिन्छ" (त्रिपाठी, २०८०, पृ.७१) । यसलाई मानव र मानवेतर जगत्का बिचको अध्ययन भनेर पनि बुझिन्छ (चाइल्डस् र फोउलर, सन् २००८, पृ.६५) । पर्यावरणीय समालोचना अङ्ग्रेजी इकोक्रिटिसिज्मको नेपाली रूपान्तर हो । यो समालोचना हरित अध्ययन, वातावरणीय समालोचना आदि नामले पनि चिनिन्छ । प्रकृति र प्राकृतिक तथा भौतिक वातावरणलाई विषय बनाएर साहित्य लेख्ने परम्परा धेरै पुरानो भए पनि प्राकृतिक वस्तुको संरक्षण र वातावरणमा शुद्धता कायम हुनुपर्ने मान्यता राखेर सिर्जना गर्ने वा समालोचना लेख्ने कार्यको थालनी भने सन् १९८० को दशकतिरबाट भएको हो (पौड्याल, २०७०, पृ.११४) । यसले मानव र मानवेतर सबै जीव र वनस्पतिको समान अस्तित्वमा जोड दिन्छ ।

पर्यावरण शब्दले सन्दर्भअनुसार फरक फरक अर्थ दिए पनि सामान्यतः प्रत्यक्ष वा परोक्ष रूपले प्रभाव पार्ने आसपासको अवस्था वा परिस्थिति भन्ने जनाउँछ । यो मनुष्यद्वारा निर्मित र प्राकृतिक गरी दुई प्रकारको हुन्छ । निर्मित पर्यावरणअन्तर्गत सामाजिक, आर्थिक, सांस्कृतिक आदि विषयक्षेत्र पर्दछन् भने प्राकृतिक पर्यावरणअन्तर्गत हिमाल, पहाड, जलवायु, पशुपक्षी, आदि पर्दछन् (गौतम, २०६४, पृ.२४६) । पर्यावरणीय समलोचनाले यही दोस्रो प्रकारको वातावरणसँग सम्बन्ध राख्दछ । सामाजिक पर्यावरणवादले पहिलो पर्यावरण ठिक भए मात्र दोस्रो स्वच्छ हुने मान्यता राख्दछ र यसले पनि सामाजिक, राजनीतिक आदि वातावरणमा सुधार नआउँदासम्म जैविक वा प्राकृतिक पर्यावरणमा सुधार नआउने धारणा राख्दछ तथापि यसले प्राकृतिक पर्यावरणलाई नै मुख्य रूपमा हेर्दछ । पर्यावरणवाद अर्थात् वातावरणवाद पर्यावरण विनाशको खतराबाट उत्पन्न प्रतिक्रियास्वरूप जन्मेको हो (केरिड्ज्, सन् २००६,

पृ.५३२) र यसले पर्यारणविज्ञानको सहायता लिएर प्राणी वा जीवित वस्तुहरूको पर्यावरणसँगको सम्बन्धअध्ययनगर्दछ।

पर्यावरणवाद सुरुमा वनजङ्गल विनाशका पृष्ठभूमिमा सुरु भएको आन्दोलन भए पनि पछि यो मानव र पर्यावरणबिचको सम्बन्ध र पर्यावरणले समस्त मानवजीवन तथा प्रकृतिमा पार्ने प्रभावको पनि अध्ययन गर्ने विषय वा चिन्तनका रूपमा देखापऱ्यो साथै वर्तमान समयमा धरतीको रक्षा गर्ने मानवीय अभियानका रूपमा स्थापित भयो (भट्टराई, २०६५/०६६, पृ.१५७) । यसैले पर्यावरणीय समालोचना पर्यावरणवादसँग सम्बन्धित छ । दुवैले पर्यावरणको अध्ययन गर्ने भए पनि पर्यावरणवादले विज्ञानका सहायताबाट धुवाँको तह, धूलकणको मात्रा, हावा र पानीमा रासायनिक पदार्थको असर आदि कुराका साथै खतराको तह र विश्वतापमान कसरी बढ्दै छ भन्नेजस्ता कुराको अध्ययन गर्दछ (भट्टराई, २०६४, पृ.२०२) भने पर्यावरणीय समालोचनाले मुख्यतः पर्यावरणीय काव्यशास्त्रले बताएअनुसार पर्यावरणलाई ध्यानमा राखेर लेखिएका साहित्यिक कृतिको वातावरणीय कोणबाट अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दछ । यसबाट के कुरा बुझिन्छ भने मानवीय संस्कृति र समाजको प्राकृतिक जगत्सँग केकस्तो सम्बन्ध छ भनेर प्रस्ट्याउने साहित्यिक र सांस्कृतिक अध्ययन नै पर्यावरणीय समालोचना हो (गौतम, २०६४, पृ.३२५) ।यसले प्रकृतिसँगको असल र खराब दुवै किसिमको सम्बन्ध हेर्दछ ।

पर्यावरणवादले वन र उर्वरभूमि विनाश गरी बस्ती बसाउने, नदीनालाहरूमा उद्योगका दूषित पदार्थ र ढल मिसाउने, मापदण्ड पूरा नगरेका उद्योग र यातायातका साधनले वायुमण्डल दूषित बनाउने, डढेलो लगाउने, सिकार खेल्ने, हरेक कुरामा विषादिको प्रयोग गर्नेजस्ता कार्यबाट मानव, अन्य प्राणी तथा प्रकृतिलाई नै नोक्सान पुग्ने भएकाले यसको विरोध गर्दछ अनि पर्यावरणीय साहित्यले पर्यावरणवादकै सहायताद्वारा यसको सुरक्षा वा विनाशलाई देखाउँछ भने पर्यावरणीय समालोचनाले कृतिमा पर्यावरण अनुकूल वा प्रतिकूल कुन रूपमा चित्रित छ भनी हेर्दछ । वातावरणको प्रतिकूलता मापनका लागि विज्ञान, सूचनाप्रविधि आदिको सहयोग लिने हुँदा

यो अत्याधुनिक र वस्तुगत समालोचनाका रूपमा देखिन्छ । पर्यावरणीय साहित्यले पर्यावरणवादले जस्तै जैविक विविधताको ह्रास, विभिन्न जाति प्रजातिका प्राणी र वनस्पतिको लोप, ओजन तहको क्षय, भूक्षय, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टि, बसाइँसराइ, भोकमरी र महामारीसमस्या, अति शीत वा उष्ण तापक्रम, ज्वालामुखी, सुनामी, बाढी, पहिरो आदि वातावरणीय असरका पक्षहरूलाई देखाउँछ । यिनका अतिरिक्त पर्यावरणीय साहित्यमा ग्राम्यता र अप्रदूषित परिवेश, जलवायु परिवर्तन, जैविक विविधता, वन्यजन्तु चोरीसिकारी, पर्यावरणसँग आदिवासीको साइनो, पर्यानारीवाद, धर्मशास्त्र र पर्यावरणीय चेत, पर्याराजनीति आदि विषयका रूपमा आउन सक्दछन् (हितान, २०८०, पृ.५०-५२) ।पर्यावरणीय समालोचनाले कृतिभित्र यिनै कुरा केकति र कसरी व्यक्त गरिएको छ भनी हेर्दछ । यसको सम्बन्ध कृतिका बाह्य पक्षसँग नभई आन्तरिक पक्षसँग हुन्छ । यसले नारीवाद र मार्क्सवादले जस्तै राजनीतिक चेतनाका आधारले हाम्रो पर्यावरण र प्राकृतिकताको विश्लेषण गर्दछ र यसमा विज्ञान र सामाजिक, सांस्कृतिक, राजनीतिक, नैतिक, कानुनी आदि सबै चेतना जोडिन्छन् (भट्टराई, २०६४, पृ.१९७-१९८) । अतः यो महत्त्वपूर्ण समालोचनाका रूपमा मान्य छ ।

प्रकृतिलाई सौन्दर्य र मानवीय हितसँग जोडेर साहित्य लेख्ने परम्परा धेरै अघिदेखि चलेको पाइन्छ । कालिदासका *शाकुन्तलम्, मेघदूत* आदि काव्य यसका नमुना हुन् । यसरी पहिला पनि प्रकृतिलाई विषय बनाएर लेखिएको देखिन्छ तथापि उहिले र अहिलेको उद्देश्यमा फरक रहेको छ । पहिला मानवीकरण गरेर र मानवकेन्द्री दृष्टिबाट प्रकृतिलाई हेरिन्थ्यो र त्यो दृष्टि मानववादी एवम् स्वच्छन्दतावादी थियो । आजभोलि प्रकृतिलाई उसैको स्वतन्त्र सत्ता स्वीकार गरेर लेखिन्छ । आज प्रकृतिले मानवलाई कति सहयोग पुऱ्याएको छ भन्ने मात्र नहेरी मानिसले उसको हित वा अहित के गरेको छ भनेर पनि हेरिन्छ (पौड्याल, २०७०, पृ.११७) । आजभोलि मानिसलाई नभई प्रकृतिलाई केन्द्रमा राखेर उसको सुरक्षार्थ लेखिनुपर्ने कुरामा जोड दिइन्छ (सुब्बा, २०८०, पृ.५९) । यसरी प्रकृतिजगत्लाई केन्द्रमा राखेर गरिने अध्ययनको सिद्धान्त नै पर्यावरणीय समालोचना हो ।

साहित्यिक कृतिदेखि बाहिरका सन्दर्भमा पर्यावरणको अध्ययन गर्ने कार्य पर्यावरण विज्ञान, जलवायु विज्ञान, स्वास्थ्य विज्ञान आदि शास्त्रले गर्दछन् भने कृतिमा वर्णित पर्यावरणको अध्ययन गर्ने कार्य पर्यावरणीय समालोचनाले गर्दछ । यसलाई पर्यावरण अर्थात् वातावरणदर्शनको पनि सहयोग प्राप्त छ । प्रकृति वा वातावरणले मानिसलाई नियन्त्रण गर्दछ, मानिस प्रकृतिको नियामक हो र मानिस एवम् प्रकृति सहयात्री हुन् भन्ने वातावरणदर्शनका तीनवटा मान्यता रहेका छन् ( गौतम, २०६४, पृ.२४९-२५०) । अघिल्ला दुई मान्यता अतिवादी देखिन्छन् भने तेस्रो मान्यता समवन्यवादी देखिन्छ र पर्यावरणीय समालोचनाले यही तेस्रो मान्यतामा जोड दिन्छ । पुनर्जागरण कालदेखि अठारौँ शताब्दीको बुद्धिवादी युगसम्म आइपुग्दा मानिसले कलकारखाना, उद्योगधन्दा, औपनिवेशिकता आदिमार्फत प्रकृतिमाथि विजय प्राप्त गऱ्यो भने उन्नाइसौँ शताब्दीको स्वच्छन्दतावादी युगसँगै विज्ञानको विरोध र प्रकृतिको स्वायत्तताको उदय भए पनि पर्यावरणविनाशको विरोध र प्रदूषणको नियन्त्रण गर्नेतिर चासो राखेन । द्वितीय विश्वयुद्धपछि र अझ खासगरी बिसौँ शताब्दीको अन्तिम दशकतिरदेखि प्रकृतिसित सामञ्जस्य राखेर मात्र समाजको स्वस्थ विकास हुन्छ भन्ने मान्यताले स्थान पाएको हो (गौतम, २०६४, पृ.३२५) । यसै पृष्ठभूमिमा पर्यावरणीय समालोचनाको जन्म भएको हो ।

पर्यावरणीय चेतनाको विकास दोस्रो विश्वयुद्धपछि लगत्तै सुरु भएको मानिए पनि सन् १९६२ मा प्रकाशित रचेल कार्सनको *साइलेन्ट स्प्रिङ* कृतिमा यसको स्पष्ट स्वरूप देखिएको हो । यो काव्यात्मक शैलीमा लेखिएको कल्पित कथा हो र यसमा रचेलले डिडिटीका प्रयोगले भविष्यमा हुन सक्ने विनाशको सम्भावनालाई देखाएकी छन् (भट्टराई, २०६४, पृ.१९६-१९७) । यसरी दोस्रो विश्वयुद्धदेखि नै पर्यावरणीय चेतनाको थालनी भए पनि सन् १९७० को दशकसम्म इकोलोजी र इकोक्रिटिसिज्म साहित्यमा त्यति सार्थक नदेखिएकामा पछि तिनलाई पुनर्जीवित गर्दै समालोचनामा समाहित गर्ने काम चेरिल ग्लोट्फेल्टीले गरेकी हुन् (बेरी, सन् २००२, पृ.२४९) । यस समालोचनाको प्रारम्भ अमेरिकामा सन् १९८० र बेलायतमा सन्

१९९० को दशकदेखि भए पनि खास गरी नब्बेको दशकदेखि अमेरिकाबाट विकासशील एक बौद्धिक आन्दोलनका रूपमा देखापरेको हो (बेरी, सन् २००२, पृ.२४८) । लरेन्स ब्युलको *द इन्भारमेन्टल इमाजिनेसन* (सन् १९९५) वातावरणीय समालोचनाको मानक ग्रन्थ मानिन्छ र यसमा उनले प्रकृतिको इतिहासभित्रै मानवइतिहास अन्तर्निहित हुने अर्थात् मानव र मानवेतरको भेद नरहने, मानवबाहेक अरूका पनि इच्छा हुन्छन् भन्ने स्वीकार गर्नुपर्ने, वातावरणलाई मानवका लागि प्रदत्त वस्तु नसम्झेर परिवर्तनशील र संरक्षण खोज्ने अस्तित्व हो भन्ने सम्झनुपर्नेजस्ता अनेक धारणा राखेका छन् (भट्टराई, २०६४, पृ.२०४-२०५) । यसरी दोस्रो विश्वयुद्धपछि पृष्ठभूमि तयार भई असी र नब्बेका दशकदेखि अमेरिका र बेलायतबाट विकसित यो समालोचना एक्काइसौँ शताब्दीको पहिलो दशकदेखि अझ विस्तारित भएर अन्यत्र पनि फैलिएको छ । यसका खास खास कार्य वा मान्यताअन्तर्गत कृतिहरूको वातावरणीय दृष्टिकोणबाट तिनमा रहेका प्राकृतिक पक्षलाई ध्यानमा राखी पठन गर्नु, प्रकृतिलाई मुख्य पृष्ठाधार बनाएर लेखिएका कृतिको पठनमा जोड दिनु, प्राकृतिक स्रोतसाधनको उपयोग मानवका लागि मात्र नभनेर तिनीहरूको स्वतन्त्र अस्तित्व स्वीकार गरी कृतिभित्र त्यसको खोजी गर्नु, स्थापित परम्परा कसरी, किन र कुन कारणले विस्थापित हुँदैछ भन्ने कुरा हेर्नु, मानव, अन्य प्राणी, वनस्पति र प्रकृतिका विविध वस्तुलाई मानव व्यवहारबाट केकसरी र केकति बाधा पुऱ्याइएको छ भनी अध्ययन गर्नु, पर्यावरणीय दृष्टिले कति उपयोगी र अनुपयोगी छ भनी विश्लेषण र मूल्याङ्कन गर्नु आदि कुराहरू पर्दछन् । प्रस्तुत अध्ययनमा पर्यावरणीय समस्यासँग सम्बन्धित 'दूषित पर्यावरणको सर्वत्र असर परेकामा चिन्ता', 'प्रकृति र मानवका बिच सहअस्तित्वको अपेक्षा', 'प्रकृति विनाशकप्रति व्यङ्ग्य', 'पर्याप्रेम र पर्यावरण संरक्षणप्रतिको प्रतिबद्धता' अनि 'मानवेतर प्राणीसँगको सहअस्तित्वबोध' गरी पाँचवटा चर निर्धारण गरी गृहीत कवितासङ्ग्रहको अध्ययन गरिएको छ ।

## नतिजा र छलफल

कृष्ण बाउसेद्वारा रचित कविताहरूको सङ्ग्रह *पर्याप्रेमको गुञ्जन* पर्यावरणमा केन्द्रित कविताकृति हो । यसमा फूलको प्रश्न, पर्याप्रेमको गुञ्जन, उत्पीडित संसारको बेहोस मान्छेसँग, मलाई आरक्षित गरिराख, विकासको जहर !, विनाशविरुद्धको सङ्कल्प, शोषण र आतङ्क, जूनमायाको हाँसो, उसले आकाशमा विष घोलिरहँदा, परिवेशको जवानी !, पृथ्वीको चिन्ता आदि बाउन्नवटा कविता सङ्गृहीत छन् । यी सबै कविता पर्यावरणीय विषयसँग जोडिएका छन् । सङ्गृहीत कविताहरूमा पर्यावरण दूषित बनाउने तत्त्व धेरै भए पनि यसको मूल कारक मानिस नै भएको बताइएको छ र अब यसको संरक्षणमा पनि मानिस नै लाग्नुपर्ने भाव व्यक्त गरिएको छ । पर्यावरण दूषित भएबाट जमिन, जल र वायुलाई मात्र असर नपरी समस्त प्राणी र वनस्पतिलाई समेत प्रतिकूल असर पर्ने भएकाले यस दिशामा सबैले विशेष ध्यान दिनुपर्ने समग्र कविताहरूको निष्कर्ष रहेको छ । कवितामा पर्यावरणका दृष्टिले निम्नलिखित किसिमका विशेषता पाइन्छन् :

### दूषित पर्यावरणको सर्वत्र असर परेकामा चिन्ता

प्रस्तुत कवितासङ्ग्रहमा रहेका बाउन्नवटा कविताहरूमध्ये सबभन्दा धेरै कविता दूषित पर्यावरणका कारण सबै क्षेत्रमा प्रतिकूल असर परेको छ भन्ने भावसन्दर्भमा केन्द्रित छन् । कवितामा सबै क्षेत्र प्रदूषणबाट प्रभावित भइरहेका कारण गहिरो चिन्ता प्रकट गरिएको छ । भौतिक सुख र उन्नतिका नाममा जेजस्ता कार्य भइरहेका छन् तिनबाट प्राकृतिक सुन्दरता विनष्ट भइरहेको, जमिन, जल र वायुमण्डल प्रदूषित हुँदै गइरहेको र विश्वमा भइरहेका युद्धबाट पनि पर्यावरणमा असर परिरहेको धारणा व्यक्त गरिएको छ । कवितामा प्राकृतिक सुन्दरताको विनाश भइरहेकामा यसरी चिन्ता प्रकट गरिएको छ :

भिरालो नै ठिक छु म
उकालो ओरालो नै ठिक छु म

म त साङ्ग्रिलादेश !

म त आफैँभित्र रमाएको खप्तडको लेक !

ए बुलडोजर !

ए धृतराष्ट्र !

ए साहुकार !

सम्बन्ध नै तोड बरु

तर, मेरो परिवेशलाई नधमिल्याऊ !

कृपया मलाई

तिम्रो कथित विकासको जहर नपिलाऊ ! (विकासको जहर, पृ.३१)

नेपालको अधिकांश जमिन हिमाली र पहाडी क्षेत्रले ओगटेका कारण यहाँ तराईबाहेक जता गए पनि उकाली, ओराली, देउराली र भन्ज्याङ पाइन्छन् । उब्जाउका दृष्टिले तराई-फाँटको पनि आफ्नै प्रकारको सौन्दर्य छ । प्रकृतिले दिएको यस सौन्दर्यलाई मानिसले ठुला ठुला यन्त्रद्वारा विनाश गरिरहेका र यसबाट पृथ्वीको सौन्दर्य गुम्नाका साथै धेरै हानि पनि भएकाले मानिससँग पृथ्वीको पुकार छ कि म जेजस्तो छु त्यसैमा खुसी छु । यसकारण मेरो सुन्दर परिवेशलाई विकासका नाममा ध्वस्त नपार । यो एकप्रकारको विष हो । मलाई आफैँभित्र रमाउन देऊ । यसरी पृथ्वीले मानिससँग आफ्नो प्राकृतिक सुन्दरता बिग्रेकामा दुःख पोखेको भाव व्यक्त भएको पाइन्छ । यसरी नै हावा र पानी दूषित बनाइएकामा पनि यस किसिमको प्रश्न गरिएको छ :

उडाएर कालो धुवाँ धरती र आकाशमा

उद्योगले हावालाई विष बनाइदिन्छ किन ?

ऐँसेलुको झाङमुनि जन्मथलो भए पनि

त्यही नदी सहरमा ढलमती हुन्छ किन ? (म नै मेरो दुष्ट भएँ, पृ.१४१-१४२)

उद्योग तथा कलकारखानाका विकासले केही हदसम्म भौतिक सुखसुविधा भएको देखिए पनि यसले धरती र आकाशको वातावरण बिगारेको छ । पहाडबाट स्वच्छ र सफा रूपमा बग्दै आएका नदीनाला सहरमा आएपछि ती खोला वा नदी नदीजस्ता स्वच्छ र सफा नदेखिई ढलजस्ता देखिन थालेका छन् । यसकारण मानिसको मात्र होइन अन्य प्राणी र वनस्पति आदि प्राकृतिक वस्तुको जीवनचक्र पनि खतरामा परेको छ । नेपालमा डढेलाले पनि उत्तिकै रूपमा वन्यसम्पदा र जङ्गली जनावर तथा पक्षीको विनाश गरिरहेको छ । यस कुरालाई कवितामा यसरी चित्रण गरिएको छ :

“डढेलो नलगाऊ !” भन्दाभन्दै थकित भैसकिन् प्रकृति ।
“धुवाँ नबढाऊ !” भन्दाभन्दै थकित भैसकिन् प्रकृति ।
“पहाड त हो भनेर मेरो आङमा
जथाभावी घाउ नलगाऊ !” भन्दाभन्दै
थकित भैसकिन् प्रकृति ।
.... मान्छे हुनुको अर्थ लगाउँदालगाउँदै
थकित थकित भैसकिन् प्रकृति । (विनाशको वृत्तचित्र, पृ.१६३-१६४)

यसरी डढेलो, धुवाँ, अनावश्यक रूपमा पहाडको ध्वस्तता आदि कारणले पर्यावरण बिग्रिएको र सचेत प्राणी मानिएको मानिसलाई यस्ता विषयबारे सम्झाउँदासम्झाउँदै प्रकृति थकित भइसकेको जनाइएको छ । यो एक किसिमको मानिसप्रतिको व्यङ्ग्य पनि हो । यस्तै अर्को कवितामा प्लास्टिकले पारेको असरलाई यसरी देखाइएको छ :

टाउकोमा हात राखेर
पछुतो गरिरहेको छु यस बेला-
गाउँकै लतिकालाई लत्याएर
वनकी लतिकालाई नपत्याएर

किन हुरुक्कै भएँछु उसबेला

मरेको यतिका वर्षपछि पनि पीडा बल्झाइरहने । (पीडा बल्झाइरहने मायालुसँग, पृ.१०३-१०४)

प्रस्तुत कवितामा समयमै ख्याल नगर्दा प्लास्टिकले दीर्घकालसम्म कति असर पुऱ्याउँछ भन्ने देखाइएको छ । प्लास्टिक जलाएर वा टुक्रा टुक्रा पारेर जमिनमुनि गाडे पनि त्यो गल्दैन र त्यसले धेरै वर्षसम्म माटाको उत्पादन क्षमतामा ह्रास ल्याउँछ । यसैले कवितामा प्लास्टिक मरेको धेरै वर्ष भइसक्दा पनि त्यसको असर रहेकाले टाउकामा हात राखेर पछुतो गरिरहनुपरेको र पहिला गरेका गल्तीको पीडा अहिले बल्झिरहेको बताइएको छ । पर्यावरण दूषित हुँदाको असरबारे वर्णन गरिएको निम्नलिखित कविता पनि उल्लेखनीय रहेको छ :

हराएका छन्

तपाईँहरूले रोपेका नीम, तितेपाती र मेवा ।

प्लास्टिकका टुक्राले छोपिएका छन्

सयपत्री, घिउकुमारी र यार्चागुम्बा ।

धुवाँको तातोले

ओइलाएका छन् अम्बक, कागती र सजिवनका बोट ।

रासायनिक मल र कीटनाशकको आतङ्कले

फुलौँ कि नफुलौँ भएका छन्

तोरी, सूर्यमुखी र सयपत्रीका फूल । (परिवेशको जवानी !, पृ.४७)

यसरी प्लास्टिकका टुक्रा, धुवाँको तातो, रासायनिक मल, कीटनाशक विष आदिका आतङ्कले निम, तितेपाती, मेवा, सयपत्री, घिउकुमारी, यार्चागुम्बा, अम्बक, कागती, सजिवन, तोरी, सूर्यमुखी र सयपत्रीका फूलमध्ये कुनै छोपिएका छन्, कुनै ओइलाएका छन् र कुनै आतङ्कित छन् । पर्यावरण बिग्रिएका कारणयी प्राकृतिक वस्तुहरू सङ्कटमा परेका छन् ।

माथि चर्चा गरिएका बाहेक लिगलिगकोटको नयाँ दौड, आत्मघातको भेलबाट, फलको दुखेसो, सडक बालक, वर्तमानको ध्वाँसे ऐना, उल्टो डुङ्गा खियाइरहेको माझी, बादलको मृत्यु भएको क्षण, भुमरीमा फँस्दै गएको डुङ्गा, प्लास्टिकको घाँस, डाइनोसरको भजन ! र मरभूमिको त्रास कवितामा पनि यस किसिमको भाव पाइन्छ ।

**प्रकृति र मानवका बिच सहअस्तित्वको अपेक्षा**

प्रस्तुत कवितासङ्ग्रहमा पर्यावरण विनाशका कुरामात्र नभई प्रकृति र मानवका बिच सहअस्तित्व स्थापना गर्नुपर्ने अपेक्षा गरिएका कविता पनि रहेका छन् । यिनमा खासगरी मानवले प्रकृतिको संरक्षणमा ध्यान दिनुपर्ने कुरा बताइएको छ । ध्वंस गर्ने पनि मानिस र चेतनशील प्राणी पनि मानिस नै भएकाले उसले सहअस्तित्व स्वीकार गरी सङ्ग्रहभित्र प्रकृतिको संरक्षणमा लाग्नुपर्ने भाव भएका कविता एक दर्जनभन्दा बढी रहेका छन् । यहाँ प्रस्तुत विचारका दृष्टिले महत्त्वपूर्ण केही कविताहरूको उद्धरणसहित चर्चा गरिन्छ । सर्वप्रथम तेस्रा क्रममा रहेको कविताबाट एक अनुच्छेद जस्तै : ए मान्छे !

त्यहाँ पुग्ने चाहना त पक्कै होइन होला तिम्रो ।
त्यसोभए
त्यागिदेऊ अब
संसारलाई सबैको साझा हुन नदिने चाहना !
त्यागिदेऊ अब
संसारलाई तिम्रै मात्र पेवा बनाउने तिर्सना !
त्यागिदेऊ अब
संसारलाई बाँदरको हातको नरीवल बनाउने
आत्मघाती योजना । (उत्पीडित संसारको बेहोस मान्छेसँग, पृ.२४)

कविताको पूर्वप्रसङ्गअनुसार त्यहाँ पुग्ने चाहना छैन होला भन्नाले भविष्यमा एक दिन त्यस्तो आउनेछ जुन दिन संसारमा खुब महत्त्वाकाङ्क्षी र स्वार्थी मानिस पनि थियो र ऊ कसैको भलो नचिताउने रोगले थलिएर मऱ्यो भन्ने दिन भनेर बुझिन्छ। यसैले मानिसलाई भनिएको छ कि यदि त्यस्तो दिन नआओस् भन्ने चाहना राख्ने होभने संसार मेरोमात्र हो भन्ने स्वार्थपूर्ण सोच त्याग गर्नुपर्ने भाव व्यक्त गरिएको छ। कवितामा संसारलाई आफ्नो पेवा ठान्ने मानिसको प्रवृत्ति आत्मघाती भएकाले सुन्दर संसारलाई बाँदरको हातमा नरिवल नबनाउन पनि आग्रह गर्दै संसारलाई मानिसले सबैको साझा चौतारी ठानोस् भन्ने अपेक्षा गरिएको छ। अर्को एक कवितामा पनि प्रकृतिको संरक्षण गर्नुपर्ने भाव व्यक्त भएको छ, यथा :

कुरै नबुझी
पतकर जलाएको भन्दै
वनमा डढेलोको आतङ्क मच्चाइरहेछौ ?
पानी खन्याएर निभाऊ त त्यसलाई
तिम्रो आत्मालाई कति शीतल हुन्छ ! (डढेलोको आतङ्क, पृ.६४)

प्रस्तुत कवितांशमा पनि मानिसलाई प्रकृति बचाउन र उसको सहअस्तित्व स्वीकार गर्न अनुरोध गरिएको छ। ख्यालख्यालमा लगाइएको डढेलाले प्राणी र वनस्पतिको विनाश गर्ने भएकाले यस्तो आतङ्क नमच्चाउन आग्रह गर्दै प्रकृतिको विनष्ट हुने काम रोक्दा मनलाई पनि शान्ति मिल्ने र सबैको हित हुने भएकाले मानिसलाई प्रकृतिमैत्री व्यवहार गर्न अनुरोध गरिएको छ। यस्तै अर्को एउटा कविता :

मुखले मात्र ठिक्क नपारी
मनैले आमा मानेर
नदीलाई सफा पार्नु छ।
फोहोर नपारी, धुँवा-धुलो नउडाई

हामी सबै

सधैँ मिलेर बाँच्नु छ ।

हामी सबै

फूल भएर हाँस्नु छ ।

हामी सबै नटराज भई नाच्नु छ । (हामी बाँच्नु छ, पृ.१४७-१४८)

यसरी प्रस्तुत कवितामा भनिएको छ कि पर्यावरण संरक्षणका लागि केवल भाषण वा सैद्धान्तिक चर्चामात्र गर्नु भनेको मुखले ठिक्क पार्नुजस्तै हो । अतः मनैदेखि आमा मानेर नदी सफा राखौँ र यस धर्ती तथा आकाशमा धुलो एवं धुँवा नउडाई हामी सबै हाँसीखुसीका साथ मिलेर हाँसौँ, बाँचौँ र नाचौँ । यसरी कवितामा प्रकृति र मानव मिलेर बसौँ भन्ने भाव व्यक्त भएको छ । यस्तै भावको अर्को एउटा कविताबाट केही हरफ जस्तै :

क्या गजबको सृष्टि !

सृष्टि भएरै जन्मेको हो हाम्रो दृष्टि

दृष्टि भएरै देखिएको छ यो अनुपम सृष्टि ।

तर यसबेला

यसअघिभन्दा अझ बढी

मान्छेको सम्यक् दृष्टि खोजिरहेको छ सृष्टिले ।

जल होस् कि थल

जीव होस् कि जङ्गल

आकाश होस् कि अन्तरिक्ष

सबैको अस्तित्व सुरक्षित हुनैपर्छ । (सामूहिक चिहानको त्रास, पृ.१५८)

सृष्टि र दृष्टि अर्थात् प्रकृति र मानवजीवनका बिच निकट सम्बन्ध देखाइएको यस कवितामा दुवैको समान अस्तित्व स्वीकार गरिएको छ । सृष्टि भएकाले मानवजीवन प्राप्त

गरिएको हो र दृष्टि भएकाले यति सुन्दर सृष्टि हेर्न पाइएको हो भन्दै कवितामा सृष्टिले मानिसको अझ सम्यक् दृष्टि खोजिरहेको बताइएको छ साथै जल, थल, जीव, जङ्गल, आकाश आदि सबैको अस्तित्व सुरक्षित हुनैपर्ने भाव व्यक्त गरिएको छ । यसप्रकार प्रस्तुत कविताले सहअस्तित्वमा जोड दिएको छ ।

माथि चर्चा गरिएका कविताका अतिरिक्त सहअस्तित्वको चेत, रुख भएर बाँच्न पाए, आत्महत्याको हिसाब, मान्छेको परिभाषा, म त सधैँ पात बनेँ, कृत्रिम बौद्धिकताको भविष्य-यात्रा, काल चित्रण आदि कवितामा पनि प्रकृति र मानिसको सहअस्तित्व कायम हुनुपर्ने र यसका लागि मानिसले नै सबै क्षेत्रमा पहल गर्नुपर्ने भाव व्यक्त भएको पाइन्छ ।

**प्रकृतिविनाशकप्रति व्यङ्ग्य**

प्रस्तुत सङ्ग्रहका कवितामा विभिन्न प्रकारले पर्यावरण दूषित बनाउने व्यक्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । जमिनको भत्काइ, प्लास्टिकको प्रयोग, शुद्ध पानीमा ढल मिसावट, डढेलो, उद्योग-कारखाना आदिबाट उत्पन्न धुवाँका कारण वायुमण्डल प्रदूषण इत्यादि कारणबाट विश्वको पर्यावरण बिग्रँदै गइरहेको छ र यसको मुख्य कारकका रूपमा मानिस नै रहेको छ । यसबाट अन्ततः बढी असर बेहोर्ने पनि मानिस नै हो । यसरी मानिसले आफू पर्ने खाडल आफैले खनेकामा व्यङ्ग्य प्रहार गरिएको छ । यसको उदाहरणका लागि छोटो कवितांश जस्तै :

मै किन जानुपर्‍यो र !<br>
धेरै तयार छन् तिम्रो जन्ती जान ।<br>
मलाई आरक्षित गरिराख<br>
तिम्रो मलामीको रूपमा ।<br>
जब तिमी<br>
आफ्नो मलामी बनाउँछौ कसैलाई

तबमात्र

तिमी आफ्नो दानवीय रूपबाट मुक्त भएका हुन्छौ । (मलाई आरक्षित गरिराख, पृ.२५)

यसरी कवितामा पर्यावरण विनाशकलाई दानवीय चरित्रका रूपमा उभ्याउँदै त्यस्ता व्यक्ति जब मर्दछन् तबमात्र दानवीय रूपबाट मुक्त हुने भाव व्यक्त गरिएको छ । नमर्दासम्म त्यस्ता व्यक्ति सच्चिन नसक्ने र अरूलाई मलामी बनाएपछि अर्थात् मरेपछि मात्र दानवीय रूपबाट मुक्त हुन्छन् भन्ने भनाइ तीक्ष्ण व्यग्ययुक्त भनाइ हो । यस्तै अर्को कवितामा पनि प्रदूषक व्यक्तिप्रति यसरी व्यङ्ग्य गरिएको छ :

म गाई हुँ

तिमीहरू जुकाको रूपमा

युद्ध-पिपासाले जन्माएका

निषिद्ध जैविक हतियार हौ ।

पानी बिटुल्याउँछौ

हावा रोग्याउँछौ

मलाई चुस्छौ

ढाडिन्छौ

र खस्छौ । (शोषण र आतङ्क, पृ.३७-३८)

यसरी प्रकृति वा पृथ्वीले आफूलाई सुधो गाईका रूपमा उभ्याउँदै जल र जमिनको दोहन गर्ने र वायु प्रदूषण गर्ने मानिसलाई जुकाका रूपमा हेरेको भाव प्रस्तुत कविताबाट अभिव्यञ्जित भएको छ । युद्धको भोकतिर्खाले छटपटिएका त्यस्ता व्यक्तिलाई निषिद्ध जैविक हतियारका रूपमा लिइएको छ । त्यस्ता मानवहतियारबाट पानी, हावा आदि सबै प्रदूषित भएको र पृथ्वीको दोहन गर्ने त्यस्ता व्यक्तिले एक दिन ढाडिएका जुकाको नियती बेहोर्नुपर्ने

भनी व्यङ्ग्य गरिएको छ । सङ्ग्रहभित्र नवौँ क्रममा रहेको निम्नलिखित कवितामा पनि यस किसिमको भाव पाइन्छ :

आफू पनि घर नबनाउने
र
अर्काको घर पनि भत्काइदिने प्राणीको
वंशवृक्षको नयाँ पुस्ता हो ऊ ।
तर अचम्म !
उसैले घोषित गरेको छ आफूलाई
जगत्को 'सर्वश्रेष्ठ प्राणी' !
जब कि
उसको कृत्यको मूल्याङ्कन गर्ने जसले पनि
उसलाई भन्नैपर्ने हुन्छ - प्राणीको नाउँमा कलङ्क ! (उसले आकाशमा विष घोलिरहँदा, पृ. ४५)

यहाँ मानिसलाई साङ्केतिक रूपमा बाँदरका दर्जामा राखिएको छ । यहाँ मानिसलाई बाँदर नै नभने पनि बाँदरको नयाँ पुस्ताका भनिएको छ जो बाँदरले जस्तै सबै कुरा लथालिङ्ग र भताभुङ्ग गर्न उद्यत छ । कविताका अनुसार मानिसले आफूलाई संसारको सर्वश्रेष्ठ प्राणी ठाने पनि व्यवहारले ऊ संसारको सबभन्दा खराब प्राणीका रूपमा रहेको छ र उसले गरेका कार्यका आधारमा भन्ने हो भने ऊ मानवको मात्र नभई प्राणीहरूको नै कलङ्क हो । यसरी उद्धृत कवितामा मानिसको पर्यावरणविरोधी व्यवहारप्रति तीव्र व्यङ्ग्य प्रहार गरिएको छ । यसरी नै भनाइ र व्यवहारमा फरकपन देखाउनेप्रति पनि व्यङ्ग्य गरिएको छ, जस्तै :

कालो धुवाँ उडाउँदै
सिंहदरबार छिर्दै छन् मन्त्रीजी ।

फूल र अबिरले भरिएको

प्लास्टिकको झोला वाग्मतीमा सेलाएर

सफाइ दिवसको नेतृत्व गरिरहेकी छन् मन्त्राणी । (प्रदूषणको झाँकी, पृ.१०९)

एकातिर जसले पर्यावरण स्वच्छ राख्नुपर्ने हो उनै व्यक्ति कालो धुवाँ उडाउँदै सिंहदरबार छिर्ने गरेका छन् भने अर्कातिर मन्त्राणी प्लास्टिकको झोला नदीमा फालेर सफाइ दिवसको नेतृत्व गरिरहेकी छन् । यसप्रकार प्रस्तुत कवितामा सरकारका जिम्मेवार व्यक्तिको गैरजिम्मेवारीपना र विरोधाभाषी चरित्रका कारण त्यस्ता व्यक्तिप्रति तिखो व्यङ्ग्य प्रहार गरिएको छ । उपर्युल्लिखित कविताहरूबाहेक पृथ्वीको चिन्ता, हिउँदको स्वागतमा प्लास्टिकको धुवाँ, स्वर्गजस्तो वनका दुर्नाम यन्त्रवानरहरू, ब्ल्याक होलको एजेन्ट आदि कविताहरूमा पनि विध्वंशकारी मानिसप्रति व्यङ्ग्यवाण प्रहार गरिएको छ ।

**पर्याप्रेम र पर्यावरण संरक्षणप्रतिको प्रतिबद्धता**

प्रस्तुत सङ्ग्रहका कवितामा प्रकृतिविनाशक तत्वको मात्र उल्लेख नभई पर्यावरणप्रतिको प्रेमभाव र पर्यावरण संरक्षणप्रतिको प्रतिबद्धता पनि व्यक्त भएको पाइन्छ । यसखाले कवितामा मानिस प्रकृति तथा समस्त प्राणीप्रति जिम्मेवार भएको पाइन्छ । कवितासङ्ग्रहको शीर्षकका रूपमा रहेकोकवितामा पर्याप्रेमको भाव यसरी प्रकट भएको छ :

मेरा प्रथम गुरु !

तैपनि

एउटा संकल्प चाहिँ गर्दै छु म अहिल्यै-

बाँचेको स्वाङ पारिरहनुमा

कुनै आनन्द नहोस् मलाई

म आफैँ

एकाकार नहुन्जेल

तपाईँको अन्तरहृदयको पर्याप्रेमको गुन्जनमा ! (पर्याप्रेमको गुन्जन, पृ.२१)

यसरी प्रकृतिलाई प्रथम गुरुका रूपमा स्वीकार गर्दै विगतका दिनमा जेजस्तो भुल वा त्रुटि गरिएको भए पनि आगामी दिनमा पर्याप्रेममा लागिरहने प्रतिबद्धता प्रकट गरिएको छ । देखावटी किसिमले नभई वास्तविक रूपमा नै प्रकृतिप्रति एकाकार भाव राख्ने अठोट व्यक्त गरिएको छ । यसप्रकार मपात्रद्वारा आफ्नो कर्म र दायित्वबोध गरिएको छ । अर्को एक कवितामा पनि अर्काका भुलभुलैयामा लागेर सूर्य तथा आकाशमण्डलको स्वच्छताप्रति बेवास्ता गरेकामा पछुताउँदै आगामी दिनमा पर्यावरणीय स्वच्छताका लागि सङ्कल्प गरिसकेको भाव यसरी प्रस्तुत गरिएको छ :

मलाई राम्ररी थाहा भइसकेको छ-
खनिज इन्धनको विकल्पमा
स्वच्छ ऊर्जालाई नै
आफ्नो भाग्यनिर्माता बनाउन गरेको सङ्कल्पलाई
अब मैले
व्यवहारमा परिणत नगरी भएको छैन, सूर्यदेव ! (सूर्यलाई सम्बोधन, पृ.६१)

यसप्रकार विगत र वर्तमानमा समेत पर्यावरण बिग्रिएको कुरा बोध भएको छ र अन्य क्षेत्रमा जस्तै ऊर्जाका क्षेत्रमा पनि वातावरणलाई नकारात्मक असर पुऱ्याउने खनिज इन्धनका विकल्पमा स्वच्छ ऊर्जा प्रयोग गर्ने सङ्कल्प गरिएको छ साथै त्यसलाई व्यवहारमा परिणत गर्ने अठोट व्यक्त गरिएको छ । अर्को कविता आशाको दुर्व्यसनमा पनि पर्यावरण संरक्षणको भाव यस किसिमबाट व्यक्त भएको पाइन्छ

मलाई चुपचाप देखेर बोल्यो ऊ-
आमा-कसम !
अब खनजोत गरेर

बाँझा रहेका आँठा र पाटाहरूमा
छर्नेछु बिउ
अनि
फलाउनेछु कोदो
पहेँलपुर फुलाउनेछु तोरी
रोप्नेछु विरुवा, बनाउनेछु रुख
सफा गर्नेछु नदी, फेर्नेछु धराको स्वरूप । (आशाको दुर्व्यसन, पृ.१५०)

जमिन बाँझो राख्नु आर्थिक, सामाजिक, वातावरणीय आदि कुनै पनि दृष्टिले उपयुक्त हुँदैन । यसैले यहाँ आमाको कसम खाएर अन्न उत्पादनमा लाग्ने बताइएको छ । अन्नमात्र नभई विरुवा रोप्ने, नदी सफा गर्ने र पृथ्वीको स्वरूप नै परिवर्तन गर्ने अठोट व्यक्त गरिएको छ । यसरी अन्न उत्पादन गरेर मानिस र वातावरणका क्षेत्रमा सहयोग पुऱ्याउने कुराका साथै नदी र जमिनलाई पनि स्वच्छ पारी सुन्दर बनाउने प्रतिज्ञा गरिएको छ । यसरप्रकार प्रस्तुत कवितामा प्रर्याप्रेम र संरक्षण दुवै किसिमको भाव व्यक्त भएको पाइन्छ । यसै गरी निम्नलिखित कवितामा पनि जल, जमिन र वायुमण्डलको स्वच्छतामा लागिपर्ने भाव व्यक्त भएको छ :

अबदेखि
आफैँ अबुझ भएर
मित्रलाई शत्रु बनाउँदिन म ।
आफैँलाई टेक्ने आधार दिने माटोलाई नै
अजैविक फोहरले छोपेर
बन्जरभूमिमा परिणत गराउँदिन म ।
अबदेखि

कालो ब्याट्री र सेतो पारोलाई नदीमा सेलाउँदै

निर्दोष जलचरहरूलाई

आँसुको दहमा डुबाउँदिन म । (विनाशविरुद्धको सङ्कल्प, पृ.३३)

यस कविताको कुनै अंशमात्र नभई पूरा कविता नै वातावरणीय स्वच्छताप्रतिको प्रतिवद्धतामा केन्द्रित छ । प्रकृतिको संरक्षण भएमा मानिसको पनि हित हुन्छ तर आजसम्म यस कुरामा ध्यान नदिई मानिस प्रकृतिको दोहन गर्नमा लागिपर्‍यो । यस कुराको बोध भएकाले अबदेखि यसको संरक्षणमा लाग्ने भाव यस कवितामा व्यक्त भएको छ । अबदेखि माटो र पानीको स्वच्छतामा ध्यान दिई तिनमा आश्रित मानिस र समस्त प्राणीको हित गर्ने कुरा जनाइएको छ । यसरी नै रगतको खोलोमा नौकाविहारको आनन्द !, बारुदको गन्ध !, धुवाँ रानी !, स्वच्छ ऊर्जाको पक्षमा, धुवाँ भर्ने उद्यम, हरियाली संसारको पुनर्निर्माण आदि शीर्षकका कवितामा पनि पर्याप्रेम र संरक्षणप्रतिको प्रतिबद्धता व्यक्त गरिएको छ ।

**मानवेतर प्राणीसँगको सहअस्तित्वबोध**

प्रस्तुत सङ्ग्रहभित्र मानिसले अन्य प्राणीलाई आफ्नो स्वार्थका लागि प्रयोग गरेका सन्दर्भका कवितामात्र छैनन् मानवेतर प्राणीसँगको सहअस्तित्व स्वीकार गरेका कविता पनि छन् । जुनमायाको हाँसो शीर्षकको कविता यसको एउटा उदाहरण हो । भूकम्पका कारण उनी पाल टाँगेर बसेकी छन् । वासस्थानमा सम्पन्नता नभए पनि उनका मनमा सम्पन्नताको भाव छ । भावमात्र होइन, उनको व्यवहार पनि परोपकारी छ, जस्तै :

बारीको एक कुनामा

पाल टाँगेर बनाएकी छिन् उनले आफ्नो दरबार ।

मस्काउँछिन् त्यहाँ उनी

मनकारी डोल्माले

उपहारमा दिएको कोदोको पिठो मुछेर

चौरासी व्यञ्जनलाई जित्ने ढिँडो ।
जहाँ सहभोज चल्छ उनको
बेघर कुकुर र भोका परेवाहरूका साथ।
एक्लै त खानै सक्तिनन् जूनमाया !
एक्लै त बस्नै सक्दिनन् जूनमाया ! (जूनमायाको हाँसो, पृ.४१)

यसरी कवितामा मानिसलाई मात्र नभई मानवेतर प्राणीलाई पनि मायाममता दिइएको छ । भूकम्पका कारण आफ्नै वास र गासको अभाव भइरहेका अवस्थामा पनि डोल्मा अर्थात् जूनमायाको मन यति उदार छ कि उनले बेघर कुकुर र परेवाहरूलाई खाना दिएर प्राण रक्षा गरेकी छन् । उनले कोदाको पिठोलाई नै चौरासीव्यञ्जन सम्झेकी छन् र त्यो कुकुर, परेवा आदि प्राणीलाई बाँडेर खाएकी छन् । अरूको सेवा नगरी एक्लै बस्न र खान उनका मनले मान्दैमान्दैन । यसरी जूनमायामार्फत कवितामा मानवताभन्दा पनि माथिल्ला तहको विश्वप्रेमको भाव प्रकट गरिएको छ । अर्को एक कवितामा मानिस र अन्य प्राणीका बिचको सहसम्बन्धलाई यसरी प्रस्तुत गरिएको छ :

अध्यात्म भन्छ-
सारा प्राणीहरू एउटै परमेश्वरका सन्तानहरू हुन् ।
जीवविज्ञान भन्छ-
अनेकौँ पदार्थ बिचको
अन्तरसङ्घर्ष र अन्तरघुलनको परिणामस्वरूप
निर्मित प्राणतत्त्व एउटै हो
केवल प्राणीका जाति र प्रजातिहरू छुट्टिएका हुन् ।
अनि मेरो लाटो मनले भन्छ-
जुनसुकै प्राणी किन नहुन्

यही पृथ्वीको
हावा, पानी, प्रकाश र माटो मुछेर
प्राणको सेचन गर्दै
प्रकृतिको एउटै अलौकिक हातद्वारा बनाइएका
आआफ्नै पाराका सुन्दर मूर्तिहरू हुन् । (वधशाला, पृ.५७)

यस कवितामा अध्यात्मवादी तथा भौतिकवादी दुवै दृष्टिकोणबाट मानिस र अन्य प्राणीका बिचको सम्बन्धबारे व्याख्या गरिएको छ । यहाँ मानिस र अन्य प्राणीका बिच कुनै भेद नरहेको र केवल जाति र प्रजाति छुट्ट्याउने क्रममा कसैलाई मानिस, कसैलाई बाघ, भालु, गाई आदि जनावर तथा पशु र कसैलाई सुगा, मैना आदि पक्षी भनेर वर्गीकरण गर्ने गरिएको भाव अभिव्यञ्जित छ । अध्यात्मले सबै प्राणीहरू एउटै परमेश्वरका सन्तान हुन् भन्नु र जीवविज्ञानले अनेकौं पदार्थबिचको अन्तरसङ्घर्ष र अन्तरघुलनको परिणामबाट निर्मित प्राणतत्त्व एउटै हो भन्नु सारतः एउटै कुरा हो । दुवै मतको निष्कर्ष प्राणी प्राणी सबै बराबर भन्ने रहेको छ । सबै प्राणी यही पृथ्वीको हावा, पानी, प्रकाश आदिबाट बाँच्ने भएका कारण पनि सबै समान हुन् । यसरी कवितामा सबै प्राणीलाई एकै रूपमा हेरिएको छ । यहाँ दार्शनिक आधारसमेत प्रस्तुत गर्दै मानिस र अन्य प्राणीको सहअस्तित्व स्वीकार गरिएको छ ।

सङ्ग्रहका सबै कवितामा धेरथोर रूपमा पर्यावरणलाई विषय बनाइएको छ । अधिकांश कवितामा पर्यावरण बिग्रिएकामा चिन्ता प्रकट गरिएको छ भने कतिपय कवितामा विगतमा जेजस्तो भए पनि आगामी दिनमा यसको संरक्षणमा जुट्नुपर्ने सन्देश दिइएको छ । केही कवितामा भने मानिस, अन्य प्राणीको समान अस्तित्व रहेको भाव व्यक्त गरिएको छ । कतिपय कवितामा प्राणी र प्राकृतिक वस्तुका बिचको सम्बन्ध चक्रीय वा एकअर्काका बिच परिपूरक किसिमको रहेको समेत जनाइएको छ ।

## निष्कर्ष

साहित्यका क्षेत्रमा कृष्ण बाउसेको व्यक्तित्व कविताका उपविधाहरूमा विस्तार भएको देखिन्छ । दर्जनाधिक कृतिका सर्जक बाउसेको *पर्याप्रेमको गुन्जन* अन्य कृतिभन्दा फरक रहेको पाइन्छ । यसमा बाउन्नवटा कविताहरू रहेका छन् र तिनमा पर्यावरणलाई विषय बनाइएको छ । वर्तमान समयमा जल, जमिन र वायुमण्डल मानिसका कारण प्रदूषित बन्दै गइरहेको छ र यसको असर प्राणी, वनस्पति, जलवायु र स्वयं मानिसलाई पनि परिरहेको छ । यस तथ्यलाई दृष्टिगत गरी एकातर्फ पर्यावरणवादीले यसको सुधारका लागि विभिन्न किसिमका अभियान सञ्चालन गरेका छन् भने अर्कातर्फ साहित्यकारहरूले पनि यस समस्यालाई विषय बनाई विभिन्न विधाका कृतिहरू रचना गरेका छन् साथै पर्यावरणलाई विषय बनाई लेखिएका रचना वा कृतिको विश्लेषण गर्ने पर्यावरणीय समालोचना सिद्धान्त पनि स्थापना गरेका छन् । यस समाचोनाका दृष्टिले बाउसेको प्रस्तुत कृतिको अध्ययन गर्दा दूषित पर्यावरणको सर्वत्र असर परेकामा चिन्ता, प्रकृति र मानवका बिच सहअस्तित्वको अपेक्षा, प्रकृति विनाशकप्रति व्यङ्ग्य, पर्याप्रेम र पर्यावरण संरक्षणप्रतिको प्रतिबद्धता एवं मानवेतर प्राणीसँगको सहअस्तित्वबोधको चेत पाइन्छ । प्रस्तुत अध्ययनको मुख्य समस्या पर्यावरणीय समस्यालाई के कस्तो रूपमा देखाइएको छ भन्ने रहेको थियो र सो समस्याको समाधान खोज्ने प्रयास गर्दा कृतिभित्रका कविताले मानिसका कारण पर्यावरणीय सन्तुलन बिग्रिएको हो र मानिसले संसारका सबै वस्तु, पदार्थ, जीव आदिको अस्तित्व स्वीकार गरेर अघि बढेका खण्डमा समस्यालाई उसले नै समाधान गर्न सक्छ भन्ने सन्देश दिएका छन् । प्रस्तुत कवितासङ्ग्रहको विषयवस्तु पर्यावरणमा नै केन्द्रित रहेको देखिन्छ र पर्यावरणीय चेतनाका दृष्टिले सङ्ग्रह महत्त्वपूर्ण रहेको पाइन्छ ।

## सन्दर्भसूची

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

त्रिपाठी, गीता (२०८०), समकालीन नेपाली कवितामा पर्यावरण, *पर्या साहित्य सिद्धान्त र सिर्जना,* गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), सम्पूर्ण किताब, पृ. ६९-११२ ।

पोखरेल, पेशल (२०८१ चैत्र २५ गते), पर्यासाहित्यमा चासो राख्नेहरूका लागि लोभलाग्दो मार्गदर्शन पर्याप्रेमको गुञ्जन, *एटुजेट समाचार डट कम* (अनलाइन पत्रिका), https://a2zsamachar.com/316649/

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति,* विमर्श नेपाल ।

बाउसे, कृष्ण (२०८०), *पर्याप्रेमको गुञ्जन,* स्वदेश प्रकाशन प्रा. लि. ।

भट्टराई, गोविन्दराज (२०६४), *उत्तरआधुनिक विमर्श,* मोडर्न बुक्स ।

भट्टराई, रमेशप्रसाद (२०६५/०६६), पर्यावरणीय समालोचना, स्वच्छन्दतावाद र देवकोटा, *कुञ्जिनी,* १६(१३), पृ. १५६-१६७ ।

सुब्बा, देवचन्द्र (२०८०), हरित आध्यात्मिकता, *पर्या साहित्य सिद्धान्त र सिर्जना,* गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), सम्पूर्ण किताब, पृ.५७-६८ ।

हितान, विजय (२०८०), पर्यावरण साहित्य आजको आवश्यकता र महत्त्व, *पर्या साहित्य सिद्धान्त र सिर्जना,* गोविन्दराज भट्टराई र विजय हितान (सम्पा.), सम्पूर्ण किताब, पृ.४७-५६ ।

Barry, P. (2002). *Beginning theory*, 2nd ed., Manchester University Press.

Childs, P. & Fowler, R. (2008). *The Rougtledge dictionary of literary terms*. Rougtledge Taylor and Francis Group.

Kerridge, R. (2006). Environmentalism and ecocriticism. In P. Waugh (Ed.), *Literary theory and criticism*, pp. 530-543. Oxford University Press.